# कुम्मायक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

यासोक, पाँचथर

१ नं प्रदेश, नेपाल

**समुदायमा आधारित पुनःस्थापना सहजकर्ता पदका लागि दरखास्त आव्हान गरिएको सुचना**

प्रथम पटक प्रकाशित मितिः २०७७/११/१७

यस गाउँपालिकाले प्रदेश सरकार र करुणा फाउण्डेसन नेपाल सँगको साझेदारीमा संचालन गर्न लागेको अपाङ्गता रोकथाम पुनः स्थापना कार्यक्रमको लागि आव्श्यक तपशिलको पदमा खुला प्रतिस्पर्धात्मक परीक्षा द्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले आवश्यक न्यूनतम योग्यता पुगेका कुनै वाद कसुर नलागेका इच्छुक, योग्य नेपाली नागरिकहरुबाट दरखास्ता फाराम भर्न आव्हान गरिएको छ । यस गाउँपालिकाले तोकेको दरखास्ता फारामको भर्नुपर्ने सम्पूर्ण विवरणहरु भरि पासपोर्ट साइजको फोटो २ प्रति टाँस गरि सो का साथमा आफ्नो नेपाली नागरिकता र दरखास्त दिने पदका लागि तोकिएको न्युनतम शैक्षिक योग्यताको ट्रान्सकृप्ट र चारित्रिक प्रमाणपत्र, परीक्षा दस्तुर तिरेको बैङ्क भौचरको अर्धकट्टि तथा नेपाल वाहेक अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भए सो को साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्र समेत संलग्न गरि यस कार्यालय समक्ष पेश गर्नु पर्नेछ ।
रित नपुगेको, तोकिएको आवश्यक शैक्षिक योग्यता नभएको, तोकिएको परीक्षा दस्तुर नबुझाएका दस्तखास्त उपर कुनै कारवाहि हुने छैन । साथै प्रचलित कानून बमोजिम अयोग्य ठहरिने उम्मेद्वारहरुको दरखास्त उपर कुनै कारवाही हुने छैन । झुटा विवरण उल्लेख गरि दरखास्त फाराम भरेमा सो को जवाफदेही दरखास्तवाल स्वयम हुनुपर्नेछ ।

१ विज्ञापन

| सि.नं. | विज्ञापन नम्बर | पद | माग संख्या |
|---|---|---|---|
| १ | ७।२०७७।७८ | समुदायमा आधारित पुनःस्थापना (सिबिआर) सहजकर्ता | १ (करार) |

२. शैक्षिक योग्यताः मान्यताप्राप्त शैक्षिक संस्थाबाट अ.न.मी वा सी.एम.ए वा सो सरह उतिर्ण गरि सेवा अनुभव हासिल गरेको ।
३. कम्प्युटर सम्बन्धि आधारभूत ज्ञान भएको ।
४. तलब सुविधाः मासिक पन्ध्र हजार र अन्य सुविधा करार सम्झौता अनुसार हुनेछ ।
५. उमेरः १८ वर्ष पुरा भइ ३५ वर्ष ननाघेको (महिलाको हकमा ४० वर्ष ननाघेको)
६. छनौट विधिः लिखित, कम्प्युटर सीप परीक्षण तथा प्रत्यक्ष अन्तर्वार्ता ।
७. परीक्षा दस्तुरः रु ३००।-
८. दरखास्त बुझाउने अन्तिम मितिः २०७७।११।२२ गते ।
९. पाठ्यक्रमः दरखास्त फाराम सँगै प्राप्त गर्न सकिनेछ ।
१०. विशेष व्यवस्थाः छनौट पश्चात दुइ महिनाको समुदायमा आधारित पुनःस्थापना तालिम हुनेछ । तालिम अवधिभर तलब र पारिश्रमिक पाइनेछैन । स्थानिय तथा स्वास्थ्य र अपाङगताको क्षेत्रमा काम गरेको व्यक्तिलाई प्राथमिकता दिइनेछ ।
११. दरखास्त सम्बन्धमा कुनै विवाद भएमा गाउँ कार्यपालिकाको निर्णय नै अन्तिम निर्णय हुनेछ ।

**अन्य जानकारीको लागि फोन नम्बर ०२४४१३०६१ मा सम्पर्क गर्न सक्नु हुनेछ ।**

२०७७।११।१६

नि. प्रमुख प्रशासकीय अधिकृत

**नि.प्रमुख प्रशासकीय अधिकृत**

Scanned with CamScanner